REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 24.02.2025

<u>मुख्यमन्त्री-जनताभेटघाट</u>

हिजोदेखि शुरु भएको मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको रिनाक निर्वाचन क्षेत्रका जनतासितको जनता भेटघाट कार्यक्रम आज दोस्रो दिन पनि रिनाक फरेस्ट बङ्गलामा जारी छ।

आज छलमथाङ पाचेखानी ग्राम पञ्चायतको रोडाथाङ वार्डलगायत रिनाक र तारपिन ग्राम पञ्चायतका जनतासित मुख्यमन्त्री श्री तामाङले भेट गर्नुभयो। यस अवसरमा मुख्यमन्त्रीले जनताको आवश्यकता र सरोकारका विषयमा छलफल गर्नुभयो।

यस भेटघाट कार्यक्रममा मुख्यमन्त्रीसित वरिष्ठ विभागीय अधिकारीहरूका साथै नीति निर्माताहरूको उपस्थिति रहेको छ। उहाँहरूले आवश्यकता अनुसार आफ्नो विशेषज्ञता प्रदान गर्दै आउनु भएको छ। विशेषतः विभिन्न सरकारी योजना, नवीन स्वास्थ्य सेवा पहलहरू, परिवर्तनकारी शैक्षिक सुधारहरू र जनताको उत्थान र सशक्तिकरण गर्ने उद्देश्यले शुरु गरिएका कल्याणकारी कार्यक्रमहरूबारे अवगत गराउनु हुनेछ।

यस अवसरमा मुख्यमन्त्रीले जनतासित कुराकानी गर्दै सरकारका विभिन्न कार्यक्रमहरूबारे जनतालाई अवगत गराउनु भयो। उहाँले जनताका समस्याहरूको समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भयो।

## पीएम किसान

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज बिहारको भागलपुरबाट प्रधानमन्त्री किसान सम्मान निधि योजनाको 19औं किस्ती जारी गर्नुभयो। यस योजनाबाट नौ करोड़ 80 लाख लाभार्थी किसानहरूको ब्याङ्क खातामा सोझै 22 हजार 7 सय करोड़ रुपियाँभन्दा धेरै सहायता राशि जारी भएको छ। यो कार्यक्रम प्रधानमन्त्री किसान सम्मान निधि योजनाको छैटौं वर्षगाँठको अवसरमा आयोजना भएको थियो।

प्रधानमन्त्री किसान सम्मान निधि योजना कार्यक्रमसित सिक्किमका किसानहरू पनि जोडिएका थिए। पाकिम जिल्लाका किसानहरू नाम्चेबुङ ग्राम पञ्चायत केन्द्रको सभाकक्षबाट अनि मंगन जिल्लाका किसानहरू कृषि विज्ञान केन्द्र मंगनबाट कार्यक्रममा जोडिएका थिए।

यसरी नै राज्यको कृषि विभागले कृषि भवनको सभा कक्षमा किसान सम्मान समारोहको आयोजना गरेको थियो। यस अवसरमा गान्तोक जिल्लाका जिल्ला पञ्चायत अध्यक्ष श्री बलराम अधिकारी मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो।

## डीटी लेप्चा

राज्यसभा सांसद श्री डीटी लेप्चाले आज पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयको स्टेन्डिङ समितिको बैठकमा सहभागिता जनाउनु भयो। संसद भवनमा आयोजित बैठकमा विभिन्न तेल कम्पनीका अधिकारीहरूको उपस्थिति रहेको थियो। बैठकमा श्री लेप्चाले जनसरोकारका विभिन्न विषयहरूलाई उठान गर्नुभएको थियो।

## मिडिया टुर

सिक्किम राज्यका पत्रकारहरूको एउटा टोली आजदेखि केरेल राज्यको अध्ययन भ्रमणमा निस्किएको छ। राज्यको सूचना तथा जनसम्पर्क विभागद्वारा आयोजित यस अध्ययन भ्रमणमा राज्यका कुल सात जना पत्रकार र विभागका तीनजना अधिकारी सामेल छन्। भ्रमण टोलीको नेतृत्व IPR विभागका निर्देशक श्री उमेश सुनामले गर्नुभएको छ । भ्रमणको क्रममा, सञ्चारकर्मीहरूले केरल सरकारको सूचना तथा जनसम्पर्क विभाग र अन्य सम्बन्धित संस्थाहरूमा ज्ञान तथा उत्कृष्ट अभ्यासहरूको आदानप्रदान गर्ने छन्।

## रिजर्ब ब्याङ्क

रिजर्व ब्याङ्क अफ इन्डियाले आजदेखि 'वित्तीय साक्षरता-महिला समृद्धि' शीर्षकमा पाँच दिने वित्तीय साक्षरता सप्ताह पालन गरिरहेको छ। आज गान्तोकमा आयोजित एक कार्यक्रममा रिजर्व ब्याङ्कका क्षेत्रीय निर्देशक श्री टी जामङ, महिला तथा बाल विकास विभागकी सचिव श्रीमती नर्मित लेप्चा तथा सूचना तथा जनसम्पर्क विभागकी सचिव श्रीमती अन्नपूर्णा आलेको उपस्थितिमा सप्ताहको शुभारम्भ भएको थियो।

रिजर्व ब्याङ्कले सन् २०१६ देखि प्रत्येक वर्ष वित्तीय साक्षरता सप्ताह पालन गर्दै आएको छ। वित्तीय कार्य व्यापारबारे आम जनतालाई जागरुक गर्ने यो कार्यक्रम 28 फरवरीको दिन समाप्त हुनेछ।

## मौसम

स्थानीय मौसम विज्ञान विभागले दिएको जानकारीअनुसार बितेको चौबीस घण्टामा गान्तोक र वरिपरिको क्षेत्रमा अधिकतम तापक्रम 16 दशमलव 2 डिग्री सेल्सियस  र न्यूनतम तापक्रम 6 दशमलव 4 डिग्री सेल्सियस रेकर्ड गरियो। वर्षा शुन्य दशमलव 2 मिलिमिटर रेकर्ड गरियो।